# आँबुखैरेनी गाउँपालिकाको ११ औ गाउँ सभामा

# गाउँपालिका अध्यक्ष श्री शुक्र चुमानद्वारा प्रस्तुत

# आर्थिकवर्ष२०७९/८०को

# नीति तथा कार्यक्रम

**आँबुखैरेनी गाउँपालिका**

**आँबुखैरेनी, तनहुँ**

**गण्डकी प्रदेश**

**विक्रम संवत् २०७९ साल असार १० गते**

आदरणीय सभा सदस्यज्यूहरु साथै विभिन्न संचार माध्यमबाट हामीलाई सुनिरहनु भएका सम्पुण आवुखैरेनी गाउपालिका निवासी आदरणीय वुवा आमा, दीदि वहिनी तथा दाजुभाइहरु

स्थानिय तह निर्वाचनको दोस्रो चरण सम्पन्न पछिको पहिलो तथा नियमित ११औं गाउसभामा हामी जुटिरहेका छौं । सर्वप्रथमतः संघिय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ संचालित जनयुद्ध, जनआन्दोलन तथा विभिन्न संघर्षमा आवुखैरेनी गाउपालिकाबाट वलिदान गर्नुहुने महान सहिदहरु विनोद पन्त, आकाश चुमान, दिलमाया तमु लगायत देशैभरका सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । वेपत्ता योद्धा प्रति हार्दिक सम्मान तथा घाइते योद्धाको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । नेपालको युगान्तकारी परिवर्तनका लागि भएका आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरु प्रति योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु ।

आँबुखैरेनी गाउँपालिका लोकतन्त्रका मूल्य मान्यता,मानव अधिकार,सामाजिक न्याय, सहकारीता, सहअस्तित्व र समन्वय जस्ता समतामुलक सिद्धान्तहरुलाई आत्मसात गर्दै विधिको शासन प्रति पूर्ण प्रतिवद्ध रहेको छ ।

**सम्मानित सभाका सदस्यज्यूहरू :**

निर्वाचित जनप्रतिनिधि तथा नागरिकहरुको विकास प्रतिको तिव्र अपेक्षाको सम्बोधन गर्न, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण, राजश्व बाँडफाँड साथै स्थानीय तहको आफ्नै स्रोत र साधनको अधिनमा रही कार्यान्वयन हुने गरी यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

नेपाली जनताको लामो त्याग,  वलिदान र संर्घष पश्चात संबैधानिक व्यवस्था अनुसार स्थापित स्थानीय सरकार नेतृत्वका लागि हामीलाई विश्वासका साथ विजयी गराई जनताको सेवा प्रदान गर्ने अवसर प्रदान गर्नु भएकोमा हार्दिक धन्याद दिन चाहन्छु । यस घडीमा आर्थिक बर्ष २०७९/८० को नीति तथा कार्यक्रम गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा हामी गौरन्वावित भएका छौं ।

आर्थिक समानता, समृद्धि, सामाजिक न्याय तथा सहभागितामूलक विकासको जगमा टेकेर समुन्नत समाजको निर्माण गर्ने अभिप्रायवाट निर्देशित नेपालको संविधान २०७२ को धारा ५७, धारा २१४, स्थानीय सरकार संचालन ऐन, २०७४, दिगो विकासका लक्ष्य प्राप्ती, संघीय तथा प्रदेश सरकारको

मार्गदर्शन र प्राथमिकताहरुलाई आधार मानी आँबुखैरेनी गाउँपालिकाको आवश्यकताका आधारमा तथा साधन र स्रोतको सिमितताका वावजुद पनि आँबुखैरेनी गाउँपालिकावासी आमा-वुवा, दाजु-भाइ तथा दिदि-वहिनीहरुवाट व्यक्त भएका जनचाहनाहरूलाई समेट्दै यहाँहरुको चाहना अनुसार निम्नलिखित नीतिहरु अवलम्बन गरेका छौ।

**सडक तथा पुल (झोलुङ्गे पुल समेत) क्षेत्र :**

- स्थानीय स्तरमा उपलव्ध रहेको स्रोतको अधिकतम प्रयोग गरि भौतिक पुर्वाधारहरुको विकासलाई जोड दिईनेछ।
- आँवुखैरेनी गाँउपालिका भित्रका सडकहरुको वर्गीकरण गरी दिर्घकालिन सडक गुरु योजना तयार गरी विस्तार एवं स्तरोन्नती गरिनेछ।
- निर्माणाधिन अवस्थामा रहि कार्य सम्पन्न हुन नसकेका योजनाहरुलाई निरन्तरता दिईनेछ।
- संघीय सरकार तथा प्रदेश सरकारसंग समन्वय गरि तुलनात्मक रुपमा बढि लागत लाग्ने योजनाहरु साझेदार विकासमा जोड दिईनेछ।

**सिचाई क्षेत्र :**

- आँवुखैरेनी गाउँपालिका स्थित रहेको कृषि क्षेत्रको प्रवर्धनका लागि कुलो तथा लिफ्टिङ्ग प्रक्रियाद्वारा सिचांईको व्यवस्था मिलाइने छ।
- संघ, प्रदेश र स्थानिय तहको साझेदारीमा गाउँपालिका भित्रका कृषि योग्य जमिनलाई सिचांईको व्यवस्था मिलाउन आवश्यकपहल गरिने छ।
- अधुरा रहेका ढकालटार तथा कुडुलेफाँट सिचाई योजनालाई सम्पन्न गर्ने गरि प्रकृया अगाडि बढाइने छ।

**भवन तथा सहरी विकास क्षेत्र :**

- पर्यटन, कृषि, उद्यम र पुर्वाधार : सुखी र समृद्ध आवुखैरेनीको आधार भन्ने गाँउपालिकाको सोचलाई पुरा गर्न आधुनिक पुर्वाधारयुक्त, योजनावद्ध वातावरणमैत्री, विपद् प्रतिरोधी, व्यवस्थित, समावेशी, आर्थिक रुपमा गतिशिल र सुसभ्य शहरी तथा वस्ती

विकासलाई जोड दिईनेछ । गाउपालिकाको वासिन्दाहरुलाई घर तथा भवन निर्माण नक्शा निःशुल्क वनाउने व्यवस्थाको लागि आवश्यक तयारी गरिनेछ ।

- प्राकृतिक तथा भगौलिक हिसावले जोखिमयुक्त वस्तीहरुको पहिचान गरी ति स्थानहरुमा हुन सक्ने वस्ती विस्तारलाई निरुत्साहित गरी जोखिमयुक्त वस्तीलाई सुरक्षित स्थानको पहिचान गरी त्यस्ता स्थानहरुमा व्यवस्थित भरपर्दो वस्ती विकास कार्यलाई अघि बढाईनेछ ।
- राष्ट्रिय भवन संहिताको पालना गरि आगामि आ.व.मा  अनलाइन प्रणालीबाट नक्शापास गरेपछि मात्र भवन निर्माण गरिनेछ

**सञ्चार, उर्जा लघु तथा साना जलविद्युत (वैकल्पिक ऊर्जा समेत ) क्षेत्र :**

- सम्भावित विद्युतीय दुर्घटनालाई न्युनीकरण गर्न यसै आर्थिक वर्ष भित्र गाउँपालिका भित्र रहेका जीर्ण काठे पोलहरुलाई विस्थापित गरी सिमेन्ट तथा स्टिल पोलमार्फत प्रतिस्थापन गरिने छ । साथै सम्पुर्ण वडामा विद्युत तथा सञ्चार सुविधाको पहुँच पुऱ्याइने छ ।
- नयाँ सम्पन्न पक्की सहायक मार्ग तथा राजमार्गको आवश्यक स्थानहरुमा सडक बत्ती व्यवस्थापन गरिने छ ।
- आर्थिक अवस्था अति कमजोर भएका परिवारलाई मिटर वक्सको व्यवस्था गरी विद्युतको पहुँच पुऱ्याइने छ ।
- नवीकरणीय उर्जा प्रवधि ( वायोग्यास, विद्युतीय चुलो, सुधारिएको चुलो, सौर्य उर्जा) जडानमा अनुदान दिईनेछ ।
- स्वच्छ नविकरणीय उर्जाको उत्पादन, विकास तथा प्रयोगलाई प्राथमिकता दिईनेछ ।
- गाउँपालिका र मातहतका कार्यालयहरुमा फ्री वाई फाई जोन निर्माण गरिने छ ।

**स्वास्थ्य**

- स्वास्थ्य सेवालाई रोकथाममा आधारित ग्रामिण स्वास्थ्य सेवाकोरुपमा विकास गरिनेछ र आधारभूत उपचारको क्षमता विकास गरी सवलीकरण गरिनेछ ।
- यस अन्तर्गत निम्नलिखित कार्यक्रमहरुलाई प्राथमिकताका साथ अघि वढाइनेछ:-

- आवुँखैरेनी स्वास्थ्य चौकीको सेवा विस्तार गरी आ.व. २०७९/८० देखि मेडिकल अधिकृत सहितको अस्पताल संचालनमा ल्याइनेछ । जसमा इमर्जेन्सी, आधरभूत प्रयोगशाला, एक्स रे, भिडियो एक्से रे, इसिजी, फार्मेसी सहितको १५ शैयाको अस्पताल संचालन गरिनेछ।
- ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिकको मोवाइल एप्लिकेशन बनाइ तथ्याङ राखिनेछ । घुम्ती शिविरको माध्यामबाट प्रत्येक महिना एक चोटी गाउँ टोलमा नै गइ आधारभुत स्वास्थ्य जाँचको रिर्पोट कार्ड अपडेट गरिनेछ ।
- यसै वर्ष सरकारी विद्यालयको प्रा.वि तह अन्तर्गतका निश्चित वर्गका विद्यार्थीका अभिभावकलाई निशुल्क स्वास्थ्य विमा गराइनेछ ।
- ५ वर्ष भित्रमा एक वडा एक स्वास्थ्य चौकीको निर्माण कार्य सम्पन्न गर्ने गरि प्रकृया अगाडी बढाइनेछ । जसको लागि संघ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।
- ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक र सुत्केरी हुँदा गर्भवती महिलालाई गाउँपालिकाको अस्पतालबाट निशुल्क सेवा दिइनेछ ।
- आँवुखैरेनी गाउँपालिकाको क्यान्सर विरामीलाई एक पटकको लागि रु ५० हजार नगद सहयोग उपलब्ध गराइनेछ । साथै गाउँपालिकाको निजि, विभिन्न समुह र संघ संस्थाको सहयोगमा वृह उपचार तथा राहत कोषको स्थापना गरी निश्चित कार्यविधि वनाई जटिल रोगको उपचार तथा विपद् तथा जोखिममा परेका पालिका भित्रका व्यवसायी, व्यापारी तथा नागरिकको उद्धार तथा राहत कार्य अघि वढाइनेछ ।
- टोल क्लिनिकको अवधारणा बनाई महिनामा एक पटक टोलमा स्वास्थ्य सेवा पुर्याइनेछ । क्यान्सर जस्ता जटिल रोगको निशुल्क स्क्रिनिङको व्यवस्था मिलाइनेछ ।
- **सुत्केरी आमासंग उपाध्यक्ष** कार्यक्रम संचालन गरी विपन्न परिवारमा पोषिलो खानाको व्यवस्था मिलाइनेछ ।
- ग्रामीण भेगका वडाहरुमा टेलिमेडिसिन विधिबाट विषेशज्ञ सेवा विस्तार गरिनेछ ।

**शिक्षा**

गाउँपालिकाको समग्र शैक्षिक अवस्थाको अध्ययन गर्न विज्ञहरुको समूह बनाइ अल्पकालिन, मध्यकालिन र दीर्घकालिन शिक्षा सुधार गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्दै लगिनेछ। यस अन्तर्गत निम्नलिखित कार्यक्रमहरुलाई प्राथमिकताका साथ अगाडि वनाइनेछ।

- विद्यालय उमेर समूहका सबैबालबालिकाहरुको विद्यालय शिक्षाको स्थिति बारे जानकारी संकलन गर्न र आधारभुत पढाइ, गणितीय ज्ञानको जाँच गर्न सर्भेक्षण गरिनेछ।
- विद्यार्थी संख्या, भौगोलिक अवस्था, शिक्षकको दरवन्दी, भौतिक पूर्वाधार उपलब्धताका आधारमा विद्यार्थीको पहुँचलाई थप सहज हुने गरी सार्वजनिक शिक्षाको गुणस्तर वृद्धि गर्दै लगिनेछ। आवश्यकता अनुसार सार्वजनिक विद्यालयहरुलाई समायोजन प्रकृयामा लगिनेछ। यसको लागि विद्यालय व्यवस्थापनको सवलीकरण, शिक्षकको क्षमता अभिवृद्धि, तालिम सर्वेक्षण अनुगमनमा सम्वन्धित क्षेत्रमा उत्कृष्ठ कार्य गर्ने सरकारी तथा गैरसरकारी संस्था र विज्ञहरुसँग सहकार्य गरिनेछ।
- बाल विकास केन्द्र र कक्षा ३ सम्मका कक्षा कोठालाई पूर्णरुपमा बालमैत्री बनाइनेछ र खेल्दै सिक्ने शिक्षण विधिको अभ्यास गराईनेछ।
- नेपाल सरकारको सार्वजनिक विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमको लागि गाउँपालिकाबाट थप व्यवस्था गरि छात्राहरुलाई विद्यालयमा नियमित हुने वातावरण विकास गरिनेछ।
- सार्वजनिक विद्यालयका प्रधानध्यापकहरुलाई नेतृत्वविकास र व्यवस्थापन सम्बन्धी तालिम नियमित रुपमा संचालन गरिनेछ, सोको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ।
- सार्वजनिक विद्यालयका शिक्षकहरुलाई शिक्षण विधि, विषयगत ज्ञान, सीप वृद्धि गर्ने तालिम नियमित रुपमा संचालन गरिनेछ र सोको अनुगमन गर्ने व्यवस्था मिलाइनेछ। परिमार्जित पाठ्यक्रमहरु कार्यान्वयनका लागि तालिमको व्यवस्था गरिनेछ।
- गाउँपालिका भित्र उच्च शिक्षा प्रदायक संस्थासँगको सहकार्यमा उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरुलाई उनीहरुको सिकाइ क्रियाकलाप अन्तर्गत नै सार्वजनिक विद्यालयहरुमा निश्चत समय अध्यापन गर्ने गरी इन्टर्नसिप गर्ने व्यवस्था मिलाइनेछ।

- गाउँपालिका स्तरमा वर्ष को एक पटक शैक्षिक प्रदर्शनि गरिनेछ।
- आँवखैरेनी गाउँपालिकाबाट चिकित्साशास्त्रमा स्नातक तह (एम.वि.वि.एस.) अध्ययन गर्ने विद्यार्थीसंग छात्रवृत्ति करार सम्झौता गरी छात्रवृत्तिमा अध्ययनको व्यवस्था मिलाइनेछ। अध्ययन पश्चात अनिवार्य रुपमा दुइ वर्ष आँवुखैरेनी अस्पतालमा सेवा गर्नु पर्ने व्यवस्था मिलाइनेछ।
- आँवुखैरेनी गाउँपालिकाको एक मात्र उच्च शिक्षा अध्ययन गराउने संस्था आँवुखैरेनी क्याम्पसमा नियमित अनुदान शिक्षकको व्यवस्था मिलाइ क्याम्पसको गुणस्तर तथा व्यवस्थापनमा सुधार गरिनेछ। साथै यस क्याम्पसमा वि.वि.ए, वि.आइ.सि.टी. तथा प्राविधिक विषय अध्यापनको लागि आवश्यक प्रकृयामा सहयोग गरिनेछ।
- ग्रामिण भेगमा संचालित विद्यालयलाई आवश्यकताको अध्ययनका आधारमा आवासीय विद्यालय बनाइनेछ।
- संस्थागत विद्यालयहरुको गुणस्तर अभिवृद्धिका लागि नियमित अनुगमन गरीनेछ।
- आँवुखैरेनीमा एक प्राविधिक विषयमा अध्यापन गराइने सि.टि.ई.भि.टी.बाट मान्यता प्राप्त प्राविधिक शिक्षालयको स्थापनाको आवश्यक पहल गरिनेछ।
- सामुदायिक विद्यालयमा संचालित दिवा खाजा कार्यक्रमको गुणस्तरियता तथा कृषि उत्पादनमा वृद्धिका लागि किसान तथा उत्पादन फर्मसंग आवश्यक सहकार्यको कार्यक्रम ल्याइनेछ।
- सामुदायिक विद्यालयको कक्षा कोठाहरुमा इन्टरनेट तथा सि.सि. क्यामेरा जडान तथा विद्युतीय हाजिरीको व्यवस्था मिलाई गाउँपालिकाको कार्यालयबाट अनुगमनको व्यवस्था मिलाइनेछ।
- लागुऔषध दुव्यर्सनको विरुद्धमा विशेष अभियान संचालन गरिनेछ। दुर्व्यसनी मुक्त युवाहरुलाई सीपमूलक तालीम दिई उद्यमी बनाउने कार्यक्रम संचालन गरिनेछ।
- गाउँ खेलकुद विकास समितिलाई गाउँपालिका भरिका युवा क्लवहरु समेटिने गरि खेलकुदको विभिन्न क्षेत्रमा कार्यक्रम संचालन गर्न वजेटको व्यवस्था मिलाइनेछ।
- गाउँपालिकामा एक आधुनिक कर्भड हलको व्यवस्था मिलाइनेछ।

**भूमी**

- भूमीहिन दलित, भूमीहिन सुकुम्वासी एवं अव्यवस्थित वसोवासीहरुको व्यवस्थापन गर्ने कार्यलाई राष्ट्रिय भूमी आयोगसंगको समन्वयमा तत्काल निस्सा वितरण गरी आगामी आर्थिक वर्ष भित्रमा लालपुर्जा वाड्ने कार्य गरिनेछ ।
- यस गाउँपालिकाका गरिव तथा सीमान्तकृत समुदायलाई कृषिमा आधारित एकीकृत उत्पादन कार्यक्रम मार्फत आर्थिक क्रियाकलापमा आबद्ध गरी स्थानीयस्तरमा रोजगारी सृजना गरिनेछ । संघ तथा प्रदेश सरकारसंग समन्वय गरी चक्लावन्दी, सामुहिक खेती, सहकारी खेती जस्ता कार्यक्रम संचालन गरिनेछ ।
- जमिन बाझो राख्ने कार्यलाई निरुत्साहित गरिनेछ । गाउँपालिकामा भूमी वैंक स्थापना गरी खेती गर्न नसक्ने जग्गाधनिको जग्गाको लगत राखी उद्यम प्रयोजनका लागि लिजमा दिने व्यवस्था मिलाइनेछ ।
- नेपाल सरकारको भूउपयोग नियमावली २०७९ वमोजिम जग्गाको वर्गिकरण कार्य प्रकृया अगाडी वढाईने छ ।

**वन तथा वातवरण**

- सामुदायिक वनलाई कृषि वनको अबधारणामा विकास गराउने नीति लिइनेछ । सामुदायिक वन भित्र अदुवा, हलेदो, बाँस जस्ता आयमूलक खेती गर्न प्रोत्साहन गरिनेछ ।
- खाली जमिनमा वृक्षारोपण, तटवन्धन लगायतका उपायहरु अबलम्वन गरी वातवरण स्वच्छ राख्न तथा सार्वजनिक तथा नीजि सम्पतिमा भएको पहिरो तथा भूक्षय रोक्ने कार्यक्रम ल्याइनेछ ।
- खानी तथा भूगर्भ विभागले पहिचान गरेको खनिज पदार्थहरुको वातावरणीय मूल्याङ्कनको आधारमा उत्खननको सम्भाव्यता अध्ययन गरीगाउँपालिकाको आम्दानी वृद्धि गर्न प्रयत्न गरिनेछ ।

**श्रम तथा रोजगार**

- वडा तथा पालिका स्तरमा श्रम सहकारी गठन गरी स्थानीय विकासको आयोजनाहरुमा श्रम सहकारीलाई संलग्न गराई रोजगारी सृजना गराइनेछ ।

- वैदेशिक रोजगारीमा जान चाहने नागरिकलाई सीप विकास कार्यक्रम संचालन गरिनेछ । साथै वैदेशिक रोजगारबाट फर्केका नागरिकहरुलाई उनीहरुले आर्जन गरेको अनुभव, सीप र पूँजी लगानी गरी उत्पादन र स्वरोजगारीको क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुको साथै व्यवसाय संचालनको लागि सहुलियतपुर्ण कर्जा, विना धितो कर्जा जस्ता कार्यक्रम संचालन गर्न स्थानीय वित्तीय संस्थासंग आवश्यक समन्वय गरिनेछ ।

**खानेपानी**

- एक घर एक धारा कार्यक्रमको कार्यान्वयनको लागि गाउँपालिकाको खानेपानीको अवस्था बारे एक वृहत अध्ययन गरिनेछ । ग्रामीण भेगमा गाग्रोमै पानी बोक्नु पर्ने समस्या यहि वर्ष नै समाधान गर्ने गरी कार्यक्रम ल्याइनेछ ।

**सामाजिक सुरक्षा**

- विपन्न, ज्येष्ठ नागरिक, एकल महिला र सीमान्तकृत वर्ग तथा समुदाय लक्षित सामाजिक सुरक्षा कार्यक्रम वितरण गरिरहेका वित्तीय संस्थाहरुसंग समन्वय गरी गाउँ टोलमानै वितरणको व्यवस्था मिलाइनेछ ।
- जेष्ठ नागरिकसंग अध्यक्ष कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिकलाई तिर्थयात्रा कार्यक्रम ल्याइनेछ । गाउँपालिकामा एउटा ज्येष्ठ नागरिक पार्क निर्माण कार्य अघि वढाइनेछ ।
- गणतन्त्रको आन्दोलनमा आँवुखैरेनी गाउँपालिकाबाट वलिदान गर्नु हुने महान सहिद परिवार, वेपत्ता परिवार, घाइते अपाङ्गयोद्धाहरुलाई निश्चित कार्यविधि निर्माण गरी जीवन निर्वाह भत्ताको व्यवस्था मिलाइनेछ । सहिदहरुको स्मृति र सम्मानमा एक वृहत सहिद स्मृति पार्क निर्माण योजना अगाडी वढाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको स–सम्मान बाँच्न पाउने अधिकारको प्रवर्द्धनको लागि उनीहरुलाई अपाङ्गमैत्री रोजगार तथा स्वरोजगार कार्यक्रममार्फत आत्मनिर्भर बनाइनेछ । असहाय, अपाङ्गता भएका व्यक्ति, हिंसामा परेका बालबालिका र महिला लक्षित कार्यक्रम ल्याइनेछ ।

**बिधुतीकरण**

- आगामी आर्थिक वर्षमा आँवुखैरेनी गाउँपालिका भित्रका सम्पुर्ण घरमा विजुली वत्ती जोडिनेछ। साना खहरे खोलाहरुमा लघु उर्जाको सम्भाव्यता अध्ययन कार्य अघि वढाइनेछ । संघीयसरकारको "एल.पी.ग्याँस छोडौं विजुली जोडौं" अभियानमा एकाकार भइ **भान्सामा विजुली** कार्यक्रम ल्याइनेछ।

**सार्वजनिक सेवा र सुशासन**

- सार्वजनिक सेवा प्रवाहलाई प्रविधि मैत्री बनाइनेछ। पारदर्शिता, प्रक्रियागत सरलीकरण र सेवा प्रवाहको समय तथा लागत घटाइनेछ। वडादेखि गाउँपालिका कार्यालयसम्म सेवाग्राही स्थल निर्माण गरी निःशुल्क फोटोकपी, फ्रि इन्टरनेट सुविधा, शुद्ध चिसो तातो खानेपानीको व्यवस्था तथा सेवाग्राहीलाई आवश्यक निवेदन लगायतका डकुमेण्टको ढाँचा उपलब्ध गराई आवश्यक सहयोग गर्ने व्यवस्था गरिनेछ।
- पुँजीगत खर्च क्षमता वृद्धिको लागि शुरुवाती महिनाबाट नै निश्चित कार्ययोजना निर्माण गरी अघि वढीनेछ। असारे विकासको प्रवृत्तिको अन्त्य गरिनेछ। चालु प्रकृतिका प्रशासनिक खर्चलाई अधिकतम कम गर्ने प्रयत्न गरिनेछ।

**पर्यटन**

- पर्यटन पुर्वाधार, आर्थिक विकासको आधार : पर्यटन पूर्वाधार विकासमा नीजि क्षेत्रको लगानी आकर्षित गराइनेछ। संघ, प्रदेश र नीजि क्षेत्रको सहकार्यमा पर्यटन पूर्वाधार विकासको नीति लिइनेछ। छिम्केश्वरीमा धार्मिक पर्यटन विस्तारको लागि आवश्यक प्रवर्धनका कार्यक्रम ल्याइनेछ। ऐना पहरा, छिम्केश्वरी, आँधीमुल र समस्तीपुरको नेपालकै अग्लो झोलुङ्गे पुलमा मनोरञ्जनात्मक र साहसिक पर्यटन विकास गरिनेछ। खुदी खोलाको समस्तिपुरमा ड्याम वाधी कृत्रिम ताल निर्माणको संभाव्यता अध्ययन, वडा नं. १र २ स्थित मर्स्याङ्दी हाइड्रो पावरबाट निर्मित तालमा स्टिमर तथा मोटर बोट संचालन तथा माछा पालन बारे छिमेकी पालिका सरकारसंग सहकार्य र संम्भाव्यता अध्ययन गरिनेछ। पुल जीप स्थित पृथ्वी राजमार्गको पुरानो पुलको संरक्षण र पर्यटकीय कार्यक्रम संचालन बारे संघीय सरकारसंग आवश्यक सहकार्यको पहल गरिनेछ। एक वडा एक नमूना पर्यटकीय गाउँको योजना अगाडि बढाइनेछ।

## कृषि तथा पशु

- गाउँपालिकामा निर्मित हाट बजार तथा पशु बधशालालाई तत्काल संचालनमा ल्याइनेछ । पालिकाको सवै क्षेत्रमा माटो तथा हावापानी अनुसारको कृषि वाली तथा पशुपालन बारे वृहत अध्ययन अगाडि वढाइनेछ । कृषि तथा फलफुलमा आधारित उद्यम विकासका कार्यक्रम प्रवद्र्धनको योजना ल्याइनेछ । अन्नबाली, मासु जस्ता उत्पादनमा आयतलाई निरुत्साहित तथा निर्यातलाई प्रोत्साहन गरिनेछ । उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ । एक वडा एक उत्पादन कार्यक्रम ल्याइनेछ । निशुल्क कृषि तथा पशु विमा कार्यक्रममा संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ । कृषि तथा पशुपालन क्षेत्रमा नीजि सार्वजनिक क्षेत्रको साझेदारी कार्यक्रम ल्याइनेछ । एक हजार मिटरभन्दा  अग्ला पहाडी क्षेत्रमा अकवरे खुर्सानीको पकेट क्षेत्र निर्माण, चिया खेती लगायतको कार्यक्रम संचालन गरिनेछ । वित्तीय क्षेत्रको सहकार्यमा कृषि तथा पशुपालनमा सहुलियतपूर्ण कर्जा, विना धितो कर्जा जस्ता कार्यक्रम ल्याइनेछ ।

## न्याय सम्पादन

- न्याय सम्पादन सम्बन्धी कार्य निष्पक्ष, स्वच्छ, छिटो छरितो रुपमा गरिनेछ । सामाजिक मूल्यमान्यताका आधारमा न्याय सम्पादन गरिनेछ । विभिन्न किसिमका हिंसा पीडितहरुलाई राहतको व्यवस्था मिलाइनेछ । वडास्तरमा गठित मेलमिलाप समितिहरुलाई क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गरी वडास्तरमा नै विवाद निरुपणको व्यवस्था गरिनेछ ।

गाउँपालिकाको समग्र विकासमा सवैको सहकार्य तथा साझा प्रयासबाट जनचाहना बमोजिम विकास कार्य अघि बढाउन योगदान पुर्याउनु हुने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, विकास साझेदार, संचार जगत, नागरिक समाज, गैरसरकारी क्षेत्र र सम्पूर्ण गाउँपालिकावासीप्रति हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।